# राष्ट्रिय दलित आयोग

## (प्रशासन तथा योजना शाखा)

प.सं. : ०७६/७७
च.नं. :

राष्ट्रिय दलित आयोग
२०७५

मिति २०७६/०९/२२

### आवासीय महिला सीप विकास तालिम सम्बन्धि सूचना !

प्रस्तुत विषयमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, प्रदेश नं. ३, हेटौडा, मकवानपुरको च.नं. ९४ मिति २०७६/०९/११ को पत्रानुसार सो केन्द्रले मिति २०७६ माघ देखि २०७७ असार सम्म यसै साथ सँलग्न शर्त एवं सुविधाहरु सहित प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरुमा स्थायी बसोवास गर्ने नेपाली नागरिकता प्राप्त गरीब/विपन्न, दलित, विस्थापित, द्वन्द पिडित, शहिद तथा घाइते परिवार, महिला/एकल महिला, घरेलु हिंसा पिडित, पिछडिएको समुदायका महिलाहरुलाई निःशुल्क ६ महिने **आवासीय महिला सीप विकास तालिम अन्तर्गत कटाई, सिलाई, बुनाई तथा पाक शिक्षा र अन्य व्यावसायिक तालिम सञ्चालन गर्न** लागिरहेको र सो तालिममा सहभागीताका लागि यस आयोगले मिति २०७६/१०/०६ गते भित्र २(दुई) जना दलित महिला सिफारिस गर्नुपर्ने व्यहोरा उल्लेख छ । तोकिएका शर्त एवं सुविधाहरुको अधिनमा रहि तालिम लिन चाहने १६ वर्ष देखि ४० वर्ष उमेर समुहका ग्रामीण भेगका साधारण शिक्षित दलित महिलाहरुलाई सहभागीताको सिफारिसका लागि निवेदन पेश गर्न जानकारीका लागि यो सूचना प्रकाशन गरिएको हुँदा इच्छुक महिलाले आफ्नो अभिभावकको मन्जुरीनामा, नागरिकता र सम्बन्धित व्यक्ति स्थायी बसोवास गरेको पालिका/वडा कार्यालयबाट प्रमाणित कागजातका साथ मिति २०७६/१०/०३ गते भित्र यस आयोगमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

नोट :- आवश्यक संख्या (२ जना) भन्दा बढी निवेदनहरु पेश हुन आएमा यस आयोगको निर्णयानुसार छनौट गरि सिफारिस गरिनेछ ।

Shreepaili 2076/09/23

भोजराज श्रीपाइली
शाखा अधिकृत

पो.ब.नं. १३७५८, जावलाखेल, ललितपुर, फोन नं.: ०१-५५३११४८,फ्याक्स नं.: ०१-५५३३६५०
Jawalakhel, Lalitpur, E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
प्रदेश हेटौंडा, मकवानपुर, नेपाल
☎०५७-४१२७१६

## आवासीय तालिमका सहभागी प्रशिक्षार्थीहरुले पालना गर्नुपर्ने शर्त एवं सुविधाहरु

१ आवासमा वस्दा निशुल्क तालिमका साथै खाना वस्न र साधारण प्राथमिक औषधी उपचारको व्यवस्था मात्र उपलब्ध हुनेछ ।

२ प्रशिक्षार्थीहरुलाई मात्र एक पटक आ–आफनो जिल्ला सदरमुकामवाट तालिम केन्द्रसम्म आउन जान लाग्ने बसभाडा तालिम सम्पन्न भएपछि मात्र उपलब्ध गराईनेछ ।

३ प्रशिक्षार्थीहरुको आर्थिक अवस्था कमजोर भई सुविधा नपाएका हुनु पर्नेछ ।

४ प्रशिक्षार्थी अनिवार्य रुपमा साक्षर हुनुका साथौ नेपाली नागरिक हुनु पर्नेछ ।

५ प्रशिक्षार्थी स्वस्थ हुनु पर्ने र अस्वस्थलाई तालिममा समावेस गरिने छैन साथै तालिम अवधिमा अस्वस्थ भई तालिम लिन नसकेमा फिर्ता पठाईनेछ । त्यसको जिम्मा अभिभावकले लिनुर्पेछ ।

६ प्रशिक्षार्थीको उमेर १६ वर्ष देखी ४० वर्ष भित्रको हुनु पर्नेछ ।

७ घरमूली, गर्भवती र दुधखाने बच्चाको आमालाई तालिममा समावेश गराईने छैन र अविवाहितलाई वढी प्राथमिकता दिईनेछ ।

८ दशै र तिहारको विदामा प्रशिक्षार्थीहरुलाई अविभावकले अनिवार्यरुपमा आफनै खर्चमा लैजाने र विदा सकिएपछि केन्द्रमा पुऱ्याउनु पर्नेछ ।

९ तालिममा भर्ना हुंदा र समाप्त भएपछि प्रशिक्षाथीहर्रुको अभिभावकले प्रशिक्षार्थीलाई अनिवार्य रुपमा पुऱ्याउन र लिन आउनु पर्नेछ ।

१० प्रशिक्षार्थीहरुलाइ भेट्न आउंदा स्थानीय अभिभावकहरुले विदाको दिन १०.००बजे देखि ५.०० बजे सम्म मात्र भेट्न पाउनेछ तर वाहिर जिल्लावाट आउने अभिभावकलाई यो नियम लागु हुने छैन ।

११ प्रशिक्षार्थीका अभिभावकहरुले भेट्न मात्र पाउने तर बस्ने र खाने व्यवस्था नभएको ।

१२ प्रशिक्षार्थीहरु भर्ना हुंदा गाउँपालिका/नगरपालीका/उपमहानगरपालीका/ महानगरपालीका वडा कार्यालयको प्रमाणित कागजात अभिभावकको मन्जुरीनामा,नागरिकता,फोटो र सम्वन्धित निकायको सिफारिस पत्र हुनु पर्नेछ ।

१३ तालिम अवधिसम्म प्रशिक्षार्थीहरु अनुशासित भएर वस्नु पर्नेछ र अनुशासनहिन प्रशिक्षार्थीलाई कुनै पनि वेला निष्कासित गर्न सकिनेछ ।

१४ छात्रवासमा वस्दा झगडा गर्ने,चोरी गर्ने, अनावश्यक कार्य गर्ने र आफनो पालोको काम नगर्नेलाई तालिमवाट कुनै पनि वेला निष्काशित गर्न सकिनेछ ।

१५ प्रशिशक्षार्थीहरु तालीम अवधिमा यस केन्द्रको छात्रवासबाट भागेमा यो केन्द्र जवाफदेही हुने छैन ।

१६ तालिम अवधिमा कुनै प्रशिक्षार्थीले तालिम कार्यक्रममा समावेश भईसकेपछी कुनै विशेष कारण परी स्वयंले जान चाहेमा केन्द्रमा वसेको अवधिभर लाग्न गएको संपुर्ण खर्चको क्षतीपुर्ति निजले तिरेर मात्र जान पाउनेछन ।

१७ प्रशिक्षर्थीहरु तालिम अवधिसम्म तालिम केन्द्रमा नै अनिवार्य रुपमा वस्नु पर्नेछ । विदामा घर जान पाउने छैनन ।

१८ प्रशिक्षार्थीहरु केन्द्रको हाता वाहिर जानु पर्दा यस तालिम केन्द्रका कर्मचारीहरुसंग सोधेर मात्र जान पाईनेछ ।

१९ प्रशिक्षार्थीहरुलाई महिनाको अन्तिम शुकवार स्थानिय अभिभावकले जिम्मा लिएर जान सक्ने र आईतवार कक्षा संचालन हूनु भन्दा अगाडि तालीममा उपस्थित गराईदिनु पर्ने छ ।

अभिभावकको हस्ताक्षर

प्रशिक्षार्थीको हस्ताक्षर